दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान कर्णाली प्रदेश

# तेस्रो गाउँ सभा वाट पारित
# बार्षिक नीति तथा कार्यक्रम

पारित मितिः २०७५।०३।१३

नेपालको संविधान २०७२ ले दिएको संवैधानिक अधिकारको प्रयोग गर्दै,
नेपालको संविधान २०७२ को प्रस्तावनाको मर्म र भावनालाई आत्मसात गर्दै,
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यादेशलाई ध्यान दिदै,
दिगो विकासका लक्ष्य (सन् २०१५ -२०३०), दक्षिण एशियाली विकास लक्ष्य र नेपालको चौधौं योजनालाई समेत मध्यनजर गर्दै,

सार्वभौमसत्ता सम्पन्न जनता र ती जनताका निर्वाचित जनप्रतिनिधिहरुको हैसियतले यस गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

हामीलाई यो महान उपलब्धीसम्म ल्याई पुर्‍याउने महान शहिदहरु, वेपत्ता योद्धाहरुप्रति हार्दिक श्रद्धाञ्जली एवं सम्मान व्यक्त गर्दछु साथै सम्पूर्ण घाइते, अपांग योद्धाहरु र आम जनताहरुप्रति हार्दिक अभिवादन व्यक्त गर्दछु ।

## नीति तथा कार्यक्रमहरु

१) नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेखित मर्म र भावना बमोजिम नेपाललाई एक सम्मुन्नत एवं समृद्ध राष्ट्रको रुपमा विकास गर्न आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै समाजवाद उन्मुख मुलुकमा रुपान्तरण गर्ने उद्देश्य अनुरुप समाजवादको जग खडा गर्नेगरी सबै नीति तथा कार्यक्रमहरु तय गरिने छ ।

२) नेपालको संविधान २०७२ ले प्रदत्त गरेका मौलिक हक, लैंगिक समानता, समावेशी तथा समानुपातिक प्रतिनिधित्वलाई प्राथमिकता दिने नीति लिइने छ ।

३) पुर्वाधार विकासका सबै योजना र कार्यक्रमहरुलाई उत्पादन सम्बन्ध बदल्दै जनतालाई आत्मनिर्भर बनाउने योजनासंग जोड्ने नीति लिइनेछ ।

४) भौतिक पूर्वाधारको मेरुदण्डको रुपमा रहेका सडक, विद्युत, खानेपानी तथा सरसफाई र संचार लगायतका पूर्वाधार विकासलाई जोड दिदै कृषि, पशुपालन, पर्यटन र आयआर्जन एवम् सिपमुलक योजनासंग जोड्ने नीति लिइनेछ ।

५) विशेष रणनीतिक महत्वका सडक, खानेपानी, भवन, पुल, सिचाई लगायतका भौतिक पुर्वाधार सम्वन्धि योजनाहरुमा विस्तृत योजना प्रतिवेदन (Detailed Project Report) तयार गरेर मात्र बजेट विनियोजन गरिने छ ।

६) सडक गुरुयोजना अनुसार सडकहरुको वर्गिकरण गरी गाउँपालिका र वडापालिकाको केन्द्र जोड्ने शहिद स्मृति चक्रपथ, छिमेकी गाउँपालिका, नगरपालिका, जिल्ला, अन्तरजिल्ला र प्रदेश जोड्ने रणनीतिक महत्वका सडकहरुलाई उच्च प्रविधि र आवश्यक बजेट विनियोजन गरी स्तरवृद्धि गरिनेछ । आ.व. २०७५/०७६ भित्र गाउँपालिकाको केन्द्र, आ.व. २०७६/०७७ भित्र वडा पालिकाको केन्द्रमा पुग्ने सडकहरुको स्तर वृद्धि गरिने छ । सडकको नयाँ ट्रयाकलाई भन्दा खुलिसकेका ट्रयाकलाई स्तरोन्नति गर्न जोड दिईने छ ।

७) हरित कृषि सडक संजालको नीति अनुसार हरित कृषि सडकहरु निर्माण गरिने छ । यस्ता कृषि सडक हरुमा ७० प्रतिशत अनुदान ,३० प्रतिशत श्रमदानको व्यवस्था गरिने छ । गाउँपालिका स्तरीय

सडकहरुमा  ८० प्रतिशत अनुदान २० प्रतिशत श्रमदान र वस्ती स्तरका सडकहरुमा ६० प्रतिशत अनुदान र ४० प्रतिशत जनश्रमदानको  परिचालन गरिनेछ ।

८) कृषि र पशुपालनका योजना र कार्यक्रमहरुलाई आधुनिकीकरण, व्यवसायीकरण एवम् यान्त्रिकिकरण गर्न आम किसानहरुलाई किसान परिचयपत्रका आधारमा सहकारी संस्था मार्फत सहुलियत व्याजमा कृषि ऋण, विमाको व्यवस्था, मल, विउ, कृषि औजारमा अनुदान र बजारको व्यवस्थापन  गरिनेछ । कृषि सहकारी संस्था, कृषक समुह, महिला समुह, युवा क्लव, वालक्लव मार्फत योजना परिचालनमा विशेष प्राथमिकता दिइनेछ ।

९) जनताको स्वास्थ्य सुधार र व्ययभार घटाउने उद्देश्यका साथ एक घर एक करेसावारी, एक बस्ती एक अर्गानिक खेती, एक वडा एक नमुना उत्पादनको नारा अनुसार  तरकारीजन्य, मासुजन्य र खाद्यन्नजन्य उत्पादन आफुले आफ्नै बारीमा वा जमिन भाडामा लिएर अर्गानिक तरिकाले उत्पादन गर्नका लागि विशेष अनुदान र सहुलियत दिने नीति लिइनेछ ।

१०) आमजनता र वेरोजगार शक्तिलाई रोजगारीको वातावरण  सृजना गर्ने तथा श्रमप्रति आस्था र शोषणप्रति घृणा जगाउने उद्देश्यका साथ विकास र समृद्धिका समग्र योजना, बजेट र कार्यक्रममा स्थानीय स्रोत, साधन र जनश्रम परिचालनलाई मुख्य जोड दिने नीति लिइनेछ ।

११) उपचारका लागि स्वास्थ्य संस्था बनाउने भन्दा रोग लाग्न नदिने गरी स्वास्थ्य तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ, जसबाट जनताको अनावश्यक व्ययभार घट्नेछ र आम्दानी बढ्नेछ । प्रत्येक वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई, प्राथमिक स्वास्थ्य उपचार केन्द्र र गाउँघर क्लिनिक बनाइनेछ ।

१२)स्वच्छ पिउने पानी मानिसको स्वस्थ जीवनसँग जोडिएको हुदा प्राथमिकताका आधारमा सम्पूर्ण वडाहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ भने खानेपानी तथा सरसफाइ सुरक्षा योजना सञ्चालन गरिने छ ।

१३) प्राकृतिक एवम् आयुर्वेदिक चिकित्सालाई प्रोत्साहन गर्न तथा योग शिक्षालाई विस्तार गर्नका लागि विशेष कार्यक्रम र योजना बनाइने छ ।

१४) शिक्षालाई श्रम र उत्पादनसंग जोड्न तथा जीवनोपयोगी र व्यवहारिक बनाउन स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी पठनपाठनलाई विद्यार्थी र पाठ्यक्रम केन्द्रित गर्दै प्रविधिमैत्री वनाउने  नीति लिइनेछ । १२ कक्षा सम्मको शिक्षालाई क्रमशः निशुल्क बनाइनेछ । साथै शिक्षालाई वालमैत्री र अपांगमैत्री वनाउदै खेलकूद र संगीतसँग समेत जोड्ने नीति लिइनेछ ।

१५) १ बर्ष भित्र गाउँपालिकाको केन्द्र, ३ बर्षभित्र ६ वटै वडाका केन्द्र र ४ बर्षभित्र बस्तीहरुमा विद्युत विस्तार गर्ने लक्ष्य लिइनेछ ।

१६) संचारलाई जनसेवामुखी बनाउदै यसलाई आधुनिक संचार प्रविधिसंग जोड्ने नीति लिइनेछ ।

१७) रोजगारी र अवसरका क्षेत्रमा विपन्न वर्ग, अपांगता भएका व्यक्तिहरु द्वन्द्वपीडित, एकल महिला, दलित महिला, दलित तथा अल्पसंख्यकहरुलाई पहिलो प्राथमिकता दिने नीति लिइनेछ साथै योग्यता, क्षमता र आवश्यकताका आधारमा स्वच्छ एवम् निष्पक्ष प्रतिस्पर्धाबाट छनौट गर्ने नीति लिइनेछ ।

१८) हरियाली दार्माको अभियानलाई सफल बनाउन, जलाधार क्षेत्र र पानीका मुहानहरुको संरक्षणका लागि वृक्षारोपण अभियानका साथ वन तथा वन्यजन्तु विशेष संरक्षित क्षेत्रको विकास गरिनेछ । साथै जलवायु परिवर्तन अनुकुलन योजनालाई विशेष प्राथमिकता दिइनेछ ।

१९) जेष्ठनागरिक, अपांगता, भएका एवम् तेस्रो लिंगीहरुलाई सामाजिक सुरक्षा, पुनःस्थापना, सम्मान र सीपको विकासका लागि ठोस कार्यक्रम बनाइनेछ ।

२०) वालवालिकालाई वर्तमानका साझेदारको रुपमा ग्रहण गर्दै वालअधिकार वालसंरक्षण, वालसहभागिता र वालविकासका लागि विशेष नीति र योजना वनाई कार्यान्वयन गरिनेछ ।

२१) यस गाउपालिकाभित्रको दलितहरुको घना बस्तिलाई मध्यनजर गर्दै योजनाबद्ध दलित वस्ती विकास कार्यक्रम संचालन गरिनेछ । दलितहरुको परम्परागत पेशालाई आधुनिकीकरण गरी व्यवसायिकरण र

सहकारीकरण गरिने छ । दलित अधिकार, मानव अधिकारको संरक्षण गर्ने  र जातिय छुवाछुत तथा भेदभावको अन्त्यको लागि जागरणमुलक कार्यक्रम संचालन गरिने छ ।
२२) गै.स.स.हरुलाई तोकिएको स्थानमा तोकिएको कार्यक्रम गर्ने गरी कार्यक्रमको अनुमति दिने नीति लिइनेछ ।
२३) जनयुद्धको समयमा किनवेच गरिएका घरजग्गाहरुलाई  संघ र प्रदेश कानुन अनुसार कार्यान्वयन गरिने छ ।
२४) सामुदायिक विद्यालय र स्वास्थ्य केन्द्र तथा सार्वजनिक स्थानहरुमा वालउद्यानहरुको विकास गर्ने नीति लिइनेछ ।
२५) दैनिक प्रशासनलाई जनमुखी, सर्वसुलभ, छिटोछरितो प्रविधिमैत्री एवम् भ्रष्टाचार मुक्त बनाइनेछ ।
२६) गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त, पुर्ण साक्षर, पूर्ण खोपयुक्त, बालविवाहमुक्त, वालश्रममुक्त, छुवाछुतमुक्त, महिला हिंसा मुक्त, सभ्य, सम्मुन्नत एवम् आधुनिक समाज निर्माणको दिशामा अघि बढाइनेछ । साथै मदिरा सेवन, उत्पादन, विक्रि वितरण लगायतका कामलाई कडाईका साथ नियन्त्रण गरिने छ । नियन्त्रणका लागि पहल र नेतृत्व गर्ने जनताका संगठित समुहहरुलाई प्रोत्साहित गरिने छ ।
२७) मालिका, वाद्ने, चिप्ले, दार्माकोट लगायतका क्षेत्रलाई पर्यटकिय क्षेत्रका रुपमा विकास गर्नको लागि ठोस योजना र कार्यक्रम बनाइनेछ । कृषिजन्य उत्पादन फर्महरुलाई पर्यटन व्यवसायसँग जोडिनेछ ।
२८) वैज्ञानिक भूमि व्यवस्थापन नीति लागु गरी उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ र जग्गा बाँझो राख्नेलाई ५० प्रतिशत थप मालपोत कर लगाइने छ ।
२९) बजारलाई व्यवस्थित गर्दै लगिनेछ र सार्वजनिक स्थलमा रहेका घर, जग्गा र पसल तथा भौतिक संरचनाका सम्बन्धमा विशेष नीति बनाएर लागु गरिने छ ।
३०) अपांगता भएकाहरुको सवै किसिमका सिफारिसहरु निशुल्क गरिनेछ ।
३१) भौतिक पूर्वाधारहरु निर्माण गर्दा वालमैत्री, अपांग मैत्री, वातावरण मैत्री वनाउन विशेष ध्यान दिइनेछ ।
३२) मानवीय तथा प्राकृतिक विपद्वाट हुने क्षतिलाई न्यूनिकरण गर्न विपद् व्यवस्थापन नीतिलाई कार्यान्वयन गरिनेछ ।
३३) न्याय सम्पादनलाई छिटो छरितो, पारदर्शी र विश्वसनीय वनाइनेछ ।
३४) स्थानीय श्रोत, साधन र सीप परिचालन गरी उद्यम विकास गर्ने नीति लिइनेछ ।  साथै कृषिजन्य उत्पादनलाई उद्यममा विकास गरिनेछ ।
३५) स्थानीय मौलिक कला संस्कृति संरक्षणमा विशेष जोड दिइनेछ ।
३६) राष्ट्रका लागि खेलकूद स्वास्थ्यका लागि खेलकूदको नारालाई आत्मसात गर्दै समग्र खेलकूद विकासका लागि भौतिक संरचना लगायत खेलकूद विकासका लागि विशेष कार्यक्रम वनाइनेछ ।

## दार्मा गाउँपालिका
## आ.व.२०७५/०७६ को वजेट वक्तव्य

आदरणीय गाउँ सभाका अध्यक्ष ज्यू

गाउँ सभा सदस्य ज्यू हरु

यस  दार्मा गाउँपालिकाको  तेस्रो  गरीमामय सम्मानित गाउँ सभामा गाउँपालिकाको  आ.व. .२०७५/०७६ को वजेट प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु ।

यस ऐतिहासिक अवसरमा सर्व प्रथम संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ आफनो जिवन वलिदान गर्नु हुने सम्पूर्ण आदरणीय ज्ञात ,अज्ञात सहिद

तथा व्यपत्ताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै घाइते ,अपाङ्ग योद्धाहरु प्रति हार्दिक सम्मानका साथ अभिवादन गर्दछ। न्याय समानता ,स्वाधिनता ,सार्वभौमिकता र समृद्धिका लागी विभिन्न समयमा भएका आन्दोलनहरुमा आफनो अमूल्य योगदान दिनुहुने ,सम्पुर्ण नेपाली आमावुवा ,दाज्यूभाइ तथा दिदीवहिनी,प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

अघिल्लो आ.व.को समयमा वजेट विनियोजन गर्दा संक्रमणकाल र चुनावी वर्षले गर्दा वजेट विनियोजन ,खर्च र सेवा सम्पादनमा पर्न गएको समस्या प्रति यस दार्मा गाउँपालिको तर्फ वाट क्षमा चाहन्छौ।

"सामाजिक न्याय ,शाान्ति र आत्म निर्भरता ,सुसान र विकास दार्मा गाउँपालिकाको प्रतिवद्धता "भन्ने मान्यताकामा रहि दिर्घकालिन सोच र लक्ष्यका साथ जनताको माग चाहना आवस्यकता र संभावनाको उचित सम्वोधनहुने गरी वजेट निर्माण गरी योजना तर्जुमा द्धवारा प्रत्येक वडा तथा वस्तिका जनताको विकासलाइ स्थानिय सरकाको निति अनुरुप समावेशि तवरले योजना तर्जुमा प्रक्रियामा सहभागी गराउदै आ.व. २०७५/०७६ को वजेट सिलिङ र यस अघि तयार गरी पारित गरेको नीति तथा कार्यक्रम को परिधि भित्र रहेर यो वजेट निर्माण गरि तयार पारियको छ।

आ.व.२०७५/०७६ को वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छ :

सभाका सदस्य ज्यू हरु अन्तमा आ.व.२०७५/०७६ को दार्मा गाउँपालिकाको वार्षिक वजेट तर्जुमा गर्ने सन्दर्भमा सहयोग पु-याउनुहुने गाउँपालिका अध्यक्ष ज्यू,सभाका सदस्य ज्यू हरु ,प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु ,पत्रकार,राजनैतिकदल ,समाजसेवि,वुद्धिजीवि,विभिन्न गै.स.स.सुरक्षा निकाय एवं आम दार्मा गाउँपालिकावासी लगायत प्रत्यक्ष ,अप्रत्यक्ष रुपमा सहयोग पु-याउनुहने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै वजेटको सफल कार्यान्वयनमा सवैको खुल्ला सहयोगको अपेक्षा गर्दर्छु।